# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं


मिति: २०७७।११।०९ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

सशस्त्र प्रहरी बल नेपाल, सुरक्षा वेश रामनगर, गौशाला, महोत्तरीका सशस्त्र प्रहरी बरिष्ठ हवल्दार सरबन कुमार बस्नेतले घरायसी प्रयोगका लागि काठ दाउरा लैजान सहजीकरण गरिदिएबापत सेवाग्राहीसँग अतिरिक्त रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासबाट खटिई गएको टोलीले निज बरिष्ठ हवल्दार सरबन कुमार बस्नेतलाई सेवाग्राहीसँग रु. १५,०००।– (पन्ध्र हजार रुपैयाँ) अतिरिक्त रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा सशस्त्र प्रहरी बल नेपाल, सुरक्षा वेश रामनगर, गौशाला, महोत्तरीका सशस्त्र प्रहरी बरिष्ठ हवल्दार सरबन कुमार बस्नेतले सेवाग्राहीलाई घरायसी प्रयोजनको लागि काठ दाउरा ओसारपसार गर्न सहजीकरण गरिदिने भनी रु. १५,०००।— घुस/रिसवत माग गरी लिएको पुष्टि हुन आएको हुँदा निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुर भएकोले निज सशस्त्र प्रहरी बरिष्ठ हवल्दार सरबन कुमार बस्नेतलाई बिगो रु. १५,०००।— (पन्ध्र हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल